# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०८०/०८१ मिति : २०८०/०४/२४
चलानी नं.:- ४०४

विषय : आवश्यक कारवाही सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (११ वटा),
मिथिला नगरपालिका, धनुषा

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौंको प.सं.२०८०/८१ च.नं.१३ मिति २०८०/०४/११ गतेको पत्र तथा वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग काठमाडौंको चं.नं.३६, मिति २०८०/०४/१० को पत्र समेतको आधारमा व्यापार व्यवस्थापनको कार्यक्षेत्र सम्बन्धि सूचना आवश्यक कारवाहीको लागि पठाईएको व्यहोरा अनुरोध छ । साथै उपरोक्तानुसारको पत्र यसै साथ संलग्न गरि पठाईएको व्यहोरा समेत अनुरोध छ ।

२०८०.०४.२४
.............................
बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/८१ | चलानी नं.:- ९३

मितिः- २०८०/०४/११

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको च.नं. ३६ मिति २०८०/०४/१० को पत्र र सो पत्रसाथ प्राप्त व्यापार व्यवस्थापनको कार्यक्षेत्र सम्बन्धी सूचना आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
(वाणिज्य व्यापार सहजीकरण, व्यवस्थापन तथा नियमन शाखा)
बबरमहल काठमाडौं, नेपाल

फोन नं : ४-२४७११२, ४२४७११३
फ्याक्स : ९७७-१-४२४११०३

(कृपया पत्रोत्तरमा पत्र संख्या र मिति अवश्यक उल्लेख गर्नु होला)

प.स. २०८०/८१
च.न. १६

मितिः- २०८०।०४।१०

विषयः- मातहतका निकायलाई जानकारी गराईदिनुहुन ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा यस विभागको मिति २०८०/०४/१० को व्यापार व्यवसायको कार्यक्षेत्र सम्वन्धी सूचना यसै साथ संलग्न गरी पठाईएको छ । अन्तर्राष्ट्रिय व्यापारको कार्यक्षेत्र सम्वधमा केहि स्थानिय तह र प्रदेश कार्यालयलाई दिविधा परेको सूचना प्राप्त भएको हुँदा संलग्न सूचना बमोजिम सबै प्रदेश र स्थानिय निकायहरुलाई जानकारी गराई दिनुहुन अनुरोध छ ।

२०८०।४।१०
लोकराज सुवेदी
शाखा अधिकृत

उत्पादनमा गुणस्तरीयता, आपूर्तिमा सहजता, उपभोगमा विवेकशिलता

नेपाल सरकार
उधोग बाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

## व्यापार व्यवसायको कार्यक्षेत्र सम्बन्धी सूचना

नेपालको संविधानको अनुसूची ५ को खण्ड १८ ले अन्तर्राष्ट्रिय व्यापारको कार्यक्षेत्र संघको अधिकारका रुपमा सूचीकृत गरेको छ। व्यापार र वाणिज्य क्षेत्रको दर्ता र नियमन गर्ने कार्य प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, साझेदारी ऐन २०२०, नेपाल एजेन्सी ऐन २०१४, कम्पनी ऐन २०६३ समेतका कानूनबाट भइरहेको छ। नेपालको संविधानको अनुसूची ६ को खण्ड २० ले व्यापार व्यवसायको कार्यक्षेत्र प्रदेशको अधिकारको रुपमा सूचीकृत गरेको छ। साथै, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ को दफा (५क) तथा साझेदारी ऐन २०२० को दफा (११ग) ले प्रदेशभित्रको फर्म दर्ता र नियमनको व्यवस्था प्रदेश कानून बमोजिम हुने भनी व्यवस्थित गरेको छ। संवैधानिक र कानूनी प्रावधान बमोजिम आयात निर्यात लगायतको अन्तर्राष्ट्रिय व्यापार व्यवसायको कार्यक्षेत्र सघ सरकारको रहेको तथा प्रदेश र स्थानिय सरकारले प्रदेश कानून बमोजिम देशभित्र हुने प्रादेशिक, स्थानिय व्यापार व्यवसाय दर्ता, नियमन र व्यवस्थापन गर्नुपर्ने हुन्छ। तर, कतिपय स्थानिय तह र प्रदेश सरकार मातहतका उधोग तथा वाणिज्य सम्बन्धित कार्यालयहरुले आयात निर्यातको उद्देश्य रहेका व्यवसाय समेत दर्ता गरिदिने गरेको सूचना पाइएको हुँदा सो कार्य बन्द गरी संवैधानिक र कानूनी व्यवस्थासँग बाझिने कानूनी प्रावधान तथा व्यवसाय दर्ता प्रमाणपत्रहरु संसोधन गरी गराई कानून कार्यान्वयनमा समन्वय र सहकार्य अभिवृद्धि गर्ने कार्यमा सहयोगको अपेक्षा सहित सम्बन्धित सबैलाई सूचित गरिएको छ।

२०८०/०४/१०
निर्देशक